नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

मितिः २०८२।०२।२६

### प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागवाट भारतको नयाँ दिल्लीवाट काठमाडौं चल्ने यात्रुवाहक बसमा फल्स बटम बनाई कपडा, औषधी र धूप अवैध ओसार पसार गरी प्रचलित कानून बमोजिम तिर्नुपर्ने राजश्व समेत नतिरी नवुझाई राजश्व छली गरेको कसुरमा प्रतिवादी ललितपुर महानगरपालिका, वडा नं. २१ पाटन वस्ने वर्ष ३१ को कृष्ण गोपाल श्रेष्ठसमेत ६ जनालाई अनुसन्धान सम्पन्न गरी उच्च अदालत पाटनमा मिति २०८२।०२।२५ गते अभियोगपत्र दायर गरिएको छ ।

जिल्ला ललितपुर, ललितपुर महानगरपालिका, वडा नं. २१ पाटन बस्ने वर्ष ३१ को कृष्ण गोपाल श्रेष्ठसमेत ६ जनाले भारतको नयाँ दिल्लीबाट काठमाडौं चल्ने यात्रुवाहक बसमा फल्स बटम बनाई सो फल्स बटममा कपडा, औषधी र धूप लुकाई छिपाई भन्सार जाँचपास सम्बन्धी प्रज्ञापन पत्र वा भन्सार तिरेको निस्सा तथा प्रचलित कानून बमोजिम तिर्नुपर्ने राजश्व समेत नतिरी नवुझाई राजश्व छली गरी औषधी लगायतका सामानहरु चोरी पैठारी गरी राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी दफा ४ को खण्ड (ख) वमोजिमको कसूर गरेको पुष्टि भएकोले निज प्रतिवादीहरुवाट ऐ. ऐनको दफा २ को खण्ड (छ१) बमोजिम रु.२,५२,४८,३६६/- (अक्षरेपी दुई करोड बाउन्न लाख अट्चालीस हजार तीन सय छैसट्ठी रुपैंया मात्र) बिगो कायम गरी ऐ. ऐनको दफा २३(१) बमोजिम असुल उपर गरी बिगोको शतप्रतिशत रु. रु.२,५२,४८,३६६/- (अक्षरेपी दुई करोड वाउन्न लाख अड्चालीस हजार तीन सय छैसठ्ठी रुपैयाँ मात्र) समेत जरिवाना गरी कुल जम्मा रु. ५,०४,९६,७३२।- (अक्षरेपी पाँच करोड चार लाख छयानब्बे हजार सात सय वत्तीस मात्र) असुल उपर गर्न तथा ऐ. ऐनको दफा २३ को उपदफा (१) को खण्ड (ख) बमोजिम कैद सजाय समेत गरी पाउन साथै बरामदित सामान ओसार पसार गर्न प्रयोग भएको वा ५ ख ७३१४ को सवारी साधन र सो मा भएका सामानहरु ऐ. ऐनको दफा ३३ बमोजिम जफत हुन र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति शुल्क भराई पाउन ऐ. ऐनको दफा २० बमोजिम उच्च अदालत पाटनमा मिति २०८२/०२/२५ मा अभियोग पत्र दायर गरिएको छ।

मितिः २०८२ साल जेठ २६ गते सोमबार ।

२०८२/०२/२६

(कृष्ण कुमारी श्रेष्ठ)

प्रवक्ता/उपमहानिर्देशक



Scanned with CamScanner